# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी सुनसरी
१ नं. प्रदेश नेपाल

## आन्तरिक आय सम्वन्धि शिलबन्दी बोलपत्र आह्वानको सुचना
**प्रथम पटक प्रकाशित सुचना मिति : २०७५/०७/९**

यस दुहबी नगरपालिका अर्न्तगत आ.व. २०७५/०७६ को लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६१ मा भएको व्यवस्था बमोजिम कवाडी र जीवजन्तु कर बापत आय संकलन कार्य शिलबन्दी बोलपत्रद्धारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक योग्य फर्महरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपशिल

| ठे.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक भ्याट बाहेक वार्षिक रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| रा.आ.ठे.नं. २४ | कवाडी र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिंग,प्वाख,छाला को व्यवसायीक उपयोग कर दुहवी नगरपालिका क्षेत्र | ४०,००,०००। | रू.३,०००। |

**शर्तहरु :-**

१.शिलवन्दि बोलपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी,फर्म इजाजत पत्रको प्रतिलिपी,आन्तरिक राजश्व कार्यालयवाट प्राप्त पान प्रमाणपत्रको प्रतिलिपी,मु.अ.कर दर्ताको प्रतिलिपी,आ.व.२०७४।७५ को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमा नै पेश गर्नु पर्नेछ ।

२.धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५(पाँच) प्रतिशत र विदेशी नागरिक भए १०(दस) प्रतिशत रकम यस कार्यालयको नाममा एन.आइ.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं.A8CA499378524003) मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन सम्म म्याद भएको बैंक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रु.३,०००/(फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुचना जारी भएको ३० औं दिन २०७५/०८/०८ कार्यालय समयसम्म ), शिलबन्दी बोलपत्र मिति २०७५/०८/०९ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७५/०८/०९ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी वोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

८.स्वीकृत वोलपत्रदाताले आफुले बुझाउनुपर्ने रकमका लागि पहिलो किस्ता नगदै वुझाई,दोश्रो र तेश्रो किस्ताको रकम वाँकी राखेमा सो रकम बराबरको २०७६ आषाढ मसान्त सम्म कायम रहने नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैकको जमानत सम्झौता गर्दाको वखतमा नै पेश गर्नु पर्नेछ ।

९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन ।

१०. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

११.कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसी छलफल गरी समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२.बन्द हडताल तथा अन्य कुनै कारणवाट कर छुट मिनाहा दिइने छैन ।

१३.एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

१४. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालय राजश्व शाखामा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।

१५.यो सूचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१६। बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी वोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय खुलेको दिन खरिद, दर्ता हुने तथा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज ओखेडा

प्रमुख प्रशासकीय अधिकृत

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रकाशित सुचना मिति : २०७५/०७/०९**

यस दुहवी नगरपालिका अर्न्तगत तपसिल बमोजिम आ.व. २०७५/०७६ को लागि शिलबन्दी बोलपत्रद्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक योग्य व्यक्ती, फर्महरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहवी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ ।

तपशिल

| ठे.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| रा.आ.ठे.नं. ९ | विहिबारे शाप्ताहिक हाट कर दुहवी ८ | २,२५,०००। | छैठौं पटक प्रकाशित |
| रा.आ.ठे.नं. ११ | पोखरी ठेक्का दुहवी न.पा. ९ | ९,९००। | छैठौं पटक प्रकाशित |
| रा.आ.ठे.नं. १२ | पटके सवारी कर दुहवी न.पा.८,कदम गाछी चोक देखि पुर्व जाने वाटो | ६०,०००। | छैठौं पटक प्रकाशित |
| रा.आ.ठे.नं. १३ | बुधबारे,आईतवारे नहरचौकमा लाग्ने सनिवारे मंगलबारे हाटकर दुहवी न.पा.१० | २,४८,०००। | छैठौं पटक प्रकाशित |
| रा.आ.ठे.नं. १५ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ | १०,०००। | छैठौं पटक प्रकाशित |
| रा.आ.ठे.नं. १७ | विज्ञापन कर दुहवी नगरपालिका क्षेत्र | ५,००,०००।०० | तेश्रो पटक प्रकाशित |
| रा.आ.ठे.नं. २१ | भैसि डिल हाटकर दुहवी न.पा-.८ | ३,७४,०००। | छैठौं पटक प्रकाशित |

**शर्तहरु :-**

१. शिलबन्दी बोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०% धरौटी वापत रकम दुहवी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं. A8CA499378524003 मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रु. १०००/(फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति सुचना जारी भएको ७ औं दिन २०७५/०७/१५ कार्यालय समयसम्म ), शिलबन्दी बोलपत्र मिति २०७५/०७/१६ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७५/०७/१६ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी बोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिइनेछ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहवी न.पा., नगर कार्यपौलिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालय राजश्व शाखामा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।

११. यो सूचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोट : बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय खुलेको दिन दर्ता हुने तथा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज ओझा
प्रमुख प्रशासकीय अधिकृत